जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २१५ २०८२ साल चैत १७ गते मंगलबार (31 Mar 2026 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रि-मनसुन : चैते धानलाई ... ३ पृष्ठमा : कार्यसम्पादन सूचक ४५ ... ३ पृष्ठमा : तेहरानमा आक्रमण, सम्झौता ...

## पत्रकार महासंघको स्थापना दिवसमा कान शिविर सम्पन्न



**दैनिक समाचारदाता राजविराज, १६ चैत ।**

नेपाल पत्रकार महासंघको ७१औं स्थापना दिवसको अवसरमा सोमबार सप्तरीका पत्रकारहरुका लागि निशुल्क एक दिने कान परीक्षण शिविरको आयोजना गरिएको छ ।

इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजको सहयोगमा नेपाल पत्रकार महासंघ शाखा सप्तरीको आयोजनामा शिविरको आयोजना गरिएको हो ।

शिविरमा ४० जना पत्रकारहरुले कानको चेकजाँच, उपचार तथा निशुल्क औषधी पाएको पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष रामनारायण विश्वासले जानकारी दिए । कान उपचार केन्द्रका स्वास्थ्यकर्मी मनोज मण्डल र डिल्ली बहादुर अधिकारीले स्वास्थ्य सेवा प्रदान गरेका थिए ।

शिविरमा कान रोगबाट हुने हानी र यसबाट बच्ने उपायबारे समेत पत्रकारहरुलाई सचेतना प्रशिक्षण प्रदान गरिएको थियो ।

इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजको यही चैत २० स्थापना दिवस रहेकोले सोको अवसरमा नेपाल पत्रकार महासंघसँग सहकार्य गरी शिविर मार्फत सञ्चारकर्मीहरु सेवा प्रदान गरिएको कान उपचार केन्द्रका प्रमुख नरेश यादवले बताए ।

## काँग्रेसका पुराना नेता १ सय ९ वर्षिय टुनटुनको निधन



**दैनिक समाचारदाता राजविराज, १६ चैत ।**

नेपाली काँग्रेसका पुराना नेता टुनटुन यादवको सोमबार बिहान निधन भएको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ४ लालापट्टी निवासी १ सय ९ वर्षिय यादवको सोमवार विहान आफ्नै निवासमा निधन भएको हो ।

तत्कालिन लालापट्टी गाविसको अध्यक्ष समेत रहेका उनी विपी कोईराला तथा कृष्ण प्रसाद भट्टराई नजिक रहेर पार्टीका लागीसंगै काम गरेका बयोबृद्ध नेता यादवको निधनले काँग्रेसमा एउटा इतिहास गुमेको र पार्टीलाई अपुरणीय क्षती पुगेको काँग्रेस सप्तरीका सभापती रामदेव साहले बताए ।

अन्तिम श्रद्धाञ्जलीका लागी नेपाली काँग्रेस सप्तरीका पुर्वसभापति दिनेश कुमार यादव, जिल्ला उपसभापति रामकुमार यादव लगायतले पार्टीको झण्डा ओढाएर सम्मान तथा श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

## लागुऔषध र मोटरसाइकलसहित चार युवक पक्राउ



**दैनिक समाचारदाता राजविराज, १६ चैत ।**

सप्तरी प्रहरीले लागुऔषध र दुई मोटरसाइकलसहित चार युवकलाई पक्राउ गरेको छ ।

प्रहरीले स.६प.९०३६ नम्बरको मोटरसाइकल चालक राजविराज नगरपालिका वडा नं. २ पडरियाका ३६ वर्षीय मो. मुस्ताकलाई पक्राउ गरेको हो । उनको साथबाट डाइजेपाम ७, आइपिपिएल ७ र फेनरगन ९ गरी २३ पिस निषेधित लागुऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सोही लागुऔषध खरिद गर्न आएका जिल्लाकै सप्तकोशी नगरपालिका ८ ओद्राहाका २३ वर्षीय कृष्णकुमार खंग, २५ वर्षीय राजकुमार बहदार र रुपनी गाउँपालिका ६ का सितल मगरलाई समेतलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

तीनै जना सँगै को.२९प. ६१०६ नम्बरको मोटरसाइकल पनि प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

जिल्लाको अग्निसाईर कृष्णसावरण गाउँपालिका १ घोधिदाहास्थित पूर्व-पश्चिम राजमार्गमा लागुऔषध कारोबार भइरहेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय महुलीबाट खटिएको टोलीले चेकजाँचका क्रममा उनीहरुलाई पक्राउ गरेको छ ।

पक्राउ परेका चारै जनालाई इलाका प्रहरी कार्यालय कञ्चनपुरमा राखी लागुऔषध सम्बन्धी मुद्दामा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरीले बताए ।

## मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**दैनिक समाचारदाता सुनसरी, १६ चैत ।**

सुनसरी इटहरी उपमहानगरपालिका १३ काली मन्दिर नजिक मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा दुहबी नगरपालिका ९ का २२ वर्षीय विपीन चौधरी रहेको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए । प्र.१-०२-०४८प.७९३८ नम्बरको मोटरसाइकल आइतबार राति दुर्घटना हुँदा पछाडि सवार विपीन गम्भीर घाइते भएका थिए । घाइतेको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक दुहबी ९ का २२ वर्षीय विप्लव चौधरी सामान्य घाइते भएका छन् । उनको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । तीव्रगतिका कारण दुर्घटना भएको र घटनाका विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## लुम्बिनी प्रदेशसभा सदस्य शर्मा पक्राउ

काठमाडौं, १६ चैत ।

लुम्बिनी प्रदेशसभा सदस्य रेखा शर्मालाई प्रहरीले पक्राउ गरेको छ ।

सांसद शर्माका श्रीमान चिन्तामणि शर्माले रेखा पक्राउ परेको पुष्टि गर्नुभयो । काठमाडौं उपत्यका अपराध अनुसन्धानको टोलीले उहाँलाई आइतबार राती करिब ११ बजे पक्राउ गरेको जनाइएको छ ।

धुम्बराहीस्थित घरबाटै उहाँलाई प्रहरीले पक्राउ गरी लिएर गएको श्रीमान चिन्तामणिले जानकारी दिनुभयो । उहाँमाथि एक बालिकालाई घरमा राखेर बालश्रम गराएको आरोप लागेको छ ।

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सकारात्मक सोचका साथ विकासका लागि अघि बढौं

कुनै पनि काम सकारात्मक सोचका साथ गर्न अघि बढे पक्कै पनि त्यसको परिणाम सकारात्मक नै हुन्छ। काम गर्नु भन्दा पहिले नै सकरात्मक सोचको विकास गरि अघि बढ्नु आवश्यक छ। त्यस्तै विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ। जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ। समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हुनुपर्छ। भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो। अहिले विकासको नाममा ब्रहमलुट नै मचेको छ। यसका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्छ।

त्यस्तै विकाससँग सरोकार राख्ने कुनै पनि कार्यमा जनता नै सर्वपरी हुन्छ। उनीहरुको साथ बिना त्यस्तो कार्य सम्भव हुँदैन्। तर, जनताले नै आफ्नो अधिकार सदुपयोग गर्न नसक्दा विकासीय कार्यहरु प्रभावित हुने गरेको छ। विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहदा जनताले त्यसलाई खबरदारी गर्न नसक्दा सही उपयोग हुनसकेको छैन्।

यी यस्ता कुरा मिल्न सके मात्र विकास सम्भव छ। होइन भने जति चाहे पनि विकास हुदैन्। सप्तरी जिल्ला विकासको मामलामा पछाडी पर्दै गएको छ। अहिले केही विकासको सुरुवात त भयो, सम्पन्न हुन सकिरहेको छैन्। तसर्थ कुनै पनि बहानामा विकासलाई अवरुद्ध नगरिकन सबै जना एकैसाथ सकारात्मक सोचका साथ अघि बढ्नु आवश्यक छ। अनिमात्र विकासले फड्को मार्ने छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रि-मनसुन : चैते धानलाई अनुकूल

**प्रगति ढकाल**

काठमाडौँ, १६ चैत (रासस)।

देशका अधिकांश स्थानमा केही दिनयता निरन्तर रूपमा परेको वर्षाले चैते धान खेतीका लागि अनुकूल वातावरण सिर्जना गरेको छ। रोपाइँको मुख्य समयमा भएको यस वर्षाले उत्पादन वृद्धि हुने अपेक्षा गरिएसँगै किसानहरूमा आशा बढेको छ।

प्रि-मनसुन साधारणतया मध्य फागुनदेखि मध्य जेठसम्मको अवधिलाई मानिन्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार प्रि-मनसुन अवधिमा भएको वर्षा चैते धानका लागि निकै लाभदायक देखिएको छ। "यसपटकको वर्षाले रोपाइँको समयमा पर्याप्त चिस्यान उपलब्ध गराएको छ। बीउ सुक्ने समस्या छैन र खेतमा पानीको अभाव देखिएको छैन", उहाँले भन्नुभयो।

जोशीका अनुसार मौसमको यस्तो अनुकूलताले उत्पादन र उत्पादकत्व दुवैमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ। उहाँले नेपालमा प्रत्येक वर्ष करिब एक लाख २० हजार हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने गरेको जानकारी दिनुभयो। वार्षिक चार लाखदेखि पाँच लाख मेट्रिकटनसम्म उत्पादन हुने जोशीको भनाइ छ। धान उत्पादनमा चैते धानको योगदान करिब ५ प्रतिशत रहेको मन्त्रालयको तथ्याङ्क छ।

चैते धानको खेती मुख्यतः तराई तथा भित्री मधेसका जिल्लाहरूमा केन्द्रित छ। जोशीका अनुसार झापा, मोरङ, सुनसरी, सप्तरी, पर्सा, बर्दिया, कैलाली लगायत करिब २५ जिल्लामा यसको खेती गरिन्छ। "पछिल्लो समय मध्यपहाडी क्षेत्रका फाँटहरूमा समेत यसको विस्तार हुँदै गएको देखिएको छ, जसले उत्पादन क्षेत्र विस्तारको सङ्केत दिएको छ", उहाँले भन्नुभयो, "उत्पादनका दृष्टिले सकारात्मक संकेत देखिए बजार व्यवस्थापन भने किसानका लागि चुनौतीपूर्ण बनेको छ। चैते धानको उचित मूल्य नपाएको गुनासो छ।"

जोशीका अनुसार गत वर्ष प्रतिक्विन्टल रु तीन हजार ५०० सम्म बिक्री भएको धान यस वर्ष घटेर करिब दुई हजार ३०० मा झरेको बताइएको छ। मूल्यमा आएको यो गिरावटले किसानको लागत उठाउनसमेत कठिन भएको मन्त्रालयको भनाइ छ।

जोशीका अनुसार विदेशी धानको आयात बढ्नु नै मूल्य घट्नुको प्रमुख कारण हो। आयातित धानका कारण स्वदेशी उत्पादनले बजार प्रतिस्पर्धा गर्न नसकेको स्थिति रहेको छ। यसले किसानलाई निरुत्साहित बनाउने खतरा समेत देखिएको छ।

मन्त्रालयले भने उत्पादन वृद्धि र आयात प्रतिस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ। उन्नत जातका बिउहरू–जस्तै 'चैत-५' र 'हर्जिनाथ हाइब्रिड' किसानलाई अनुदानमा वितरण गरिएको छ। यी जातहरू उच्च उत्पादन दिने भएकाले किसानहरूमा आकर्षण बढ्दै गएको छ।

यस्तै, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत यान्त्रिकरणलाई प्राथमिकता दिँदै मेसिनबाट धान रोपाइँ गर्ने प्रविधि विस्तार गरिँदैछ। यसले श्रम अभावको समस्या समाधान गर्नुका साथै उत्पादन लागत घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। सिँचाइ संरचना विस्तार, आधुनिक कृषि प्रविधिको प्रयोग तथा प्रभावकारी बजारीकरणको व्यवस्था गर्न सकेमा चैते धान खेती अझ सुदृढ बन्ने कृषि विज्ञहरू बताउँछन्। विशेषगरी तराई क्षेत्रमा पर्याप्त सिंचाइ सुविधा विकास गर्न सके उत्पादनमा उल्लेखनीय वृद्धि हुने विश्वास गरिएको छ।

चैते धानले खाद्य विविधिकरणमा समेत महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। यसबाट चिउरा, भुजा लगायतका परिकार उत्पादन गर्न सकिने भएकाले यसको व्यावसायिक सम्भावना अझ व्यापक रहेको छ। चैते धान उत्पादनले वर्षे धानमा निर्भरता कम गर्दै खाद्य सुरक्षामा समेत टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

यस वर्षको अनुकूल मौसमले उत्पादनमा सकारात्मक सङ्केत देखाए पनि बजार मूल्यको समस्या समाधान नगरेसम्म किसानले अपेक्षित लाभ लिन सक्ने अवस्था भने अझै चुनौतीपूर्ण नै रहने देखिएको बताउनुहहुन्छ राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा मथुरा यादव। "चैते धान प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा र बजार सुनिश्चिता हुन सकेमा मात्रै कृषकलाई थप प्रोत्साहन मिल्ने छ। बजार माग बढ्ने क्रममा छ", उहाँले भन्नुभयो।

चालु आर्थिक वर्ष २०८२/८३ मा चैते धान खेतीका लागि सिँचाइ पूर्वाधार विकास गर्ने सरकारको लक्ष्य छ। यसका लागि सरकारले रु ३३ करोड बजेट विनियोजन गरेको छ।

**बर्खे धान उत्पादनमा ह्रास**

बर्खे धान रोप्ने समयमा खडेरी परेपछि यसपटक धान उत्पादनमा कमी आएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। विषेशगरी कोशी र मधेस प्रदेशमा परेका खडेरीका कारण उत्पादनमा कमी आएको हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा जानुका पण्डितका अनुसार आर्थिक वर्ष २०८१/८२ मा धान बाली भित्राइएको कुल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेको थियो। चालु आवमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम रहेको मन्त्रालयको अनुमान छ।

यसैगरी आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन उत्पादन भएकोमा चालु आव ४.२० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १२६ मेट्रिकटन उत्पादन भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। यसैगरी उत्पादकत्व गत आव मा ४.१९ मेट्रिकटन प्रति हेक्टर रहेकोमा आव २०८२/८३ मा उत्पादकत्व १.१६ प्रतिशतले घटेर ४.१४ मेट्रिक टन प्रति हेक्टर हुन पुगेको छ।

**उत्पादन घट्नुका कारणहरू**

मन्त्रालयको प्रवक्ता पण्डितका अनुसार धान बालीको क्षेत्रफलमा कमी आउनुमा मुख्यगरि पहाडी क्षेत्रमा देखिएको बसाइसराइ, युवाहरूको विदेश प्रतिको आकर्षण एवं फलफूल तथा नगदेबालीको क्षेत्रफलमा भएको वृद्धि छन् भने तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानबालीको क्षेत्रफलमा केही कमी आएको छ।

"यसैगरी मधेस प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो", उहाँले भन्नुभयो, "यस आर्थिक वर्षमा उन्नत बीउविजन र मलखादको पर्याप्त उपलब्धता हुँदा हुँदै प्रतिकूल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको छ। धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी भएका कारण चालु आवमा समग्र धान उत्पादनमा कमी आएको छ।"

**मङ्गलबार हावाहुरीसहित भारी वर्षाको सम्भावना**

देशका विभिन्न भागमा मङ्गलबार मेघगर्जन, चट्याङ र हावाहुरीसहित मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। मौसमविद् रोजन लामिछानेका अनुसार हाल नेपालमा पश्चिमी वायु, स्थानीय वायुको आंशिक प्रभावका साथै पूर्वी भू-भाग नजिक रहेको न्यून चापीय क्षेत्रको असर देखिएको छ।

लामिछानेले सोमबार देशका पहाडी तथा हिमाली भू-भागमा सामान्यदेखि पूर्ण बदली रहनेछ भने तराई क्षेत्रमा आंशिक बदली रहने बताउनुभएको छ। कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा केही स्थानमा तथा मधेस प्रदेशसहित अन्य प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित वर्षा तथा हिमपातको सम्भावना रहेको छ।

"सोमबार राति पनि लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू-भागमा बदली रहनेछ। कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्का वर्षा तथा हिमपातको सम्भावना रहेको छ", उहाँले भन्नुभयो, "मंगलबार दिउँसो कोशी र मधेस प्रदेशसहित देशका अधिकांश पहाडी तथा हिमाली क्षेत्रमा बदली रहनेछ। कोशी प्रदेशलगायत देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी तथा असिनासहित मध्यम वर्षा हुने सम्भावना रहेको छ।"

मङ्गलबार राति भने हिमाली क्षेत्रमा सामान्य बदली, पहाडी क्षेत्रमा आंशिक बदली र तराई क्षेत्रमा मौसम मुख्यतया सफा रहनेछ। कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली क्षेत्रमा एक -दुई स्थानमा हल्का वर्षा तथा हिमपात हुन सक्नेछ।

त्यसैगरी बुधबार देशभर आंशिकदेखि सामान्य बदली रहनेछ। कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा मेघगर्जनसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना रहेको विभागले जनाएको छ। विभागले मेघगर्जन, चट्याङ, हावाहुरी र असिनाबाट सतर्क रहन सर्वसाधारणलाई आग्रह गरेको छ।

राजविराज शहर समूह- हरित नगर
राजविराज नगरपालिका
२ नं.वडा कार्यालय
राजविराज सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:२०८२।८३
चलानी नः११०८

मिति २०८२।१२।१५

विषय :- सूचना सूचना

२ नं. वडा कार्यालय रा.वि.न.पा बाट जारी भएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज न.पा वडा नं. ९ हाल परिवर्तित वडा नं २ बस्ने स्व राम चन्द्र मिश्र को बुहारी स्व. नरेश चन्द्र मिश्र को पत्नी जयन्ती मिश्रा यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो श्रीमान नरेश चन्द्र मिश्र मिति २०८२।१०।०७ गते मृत्यु भएको र निज मृतक को म एक मात्र पत्नी हक अपूताली खाने भएको ले श्रीमान् नरेश चन्द्र मिश्र को नाउंमा कायम रहेको जग्गा म निवेदन कर्ता को नाउंमा नामसारी हुने गरी सिफारीस गरी पाउं भनि निवेदन मिति २०८२।१२।१५ गतेमा प्राप्त भएको हुदा सो सम्बन्धमा तपसिलमा उल्लेख भएको जग्गाहरुमा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित वार्ड नं. २ बस्ने स्व. नरेश चन्द्र मिश्र को नाउमा कायम रहेको जग्गाहरु

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल,रोपनी |
|---|---|---|---|---|
| सप्तरी | भगवतपुर | १ | ३२० | ०-१५-० |
| सप्तरी | भगवतपुर | ५ | ३१८ | ०-१०-११ |
| सप्तरी | राजविराज | ९ | १७९३ | ०-०-८.२५ |

# कार्यसम्पादन सूचक ४५ दिनभित्र तयार गरिने

काठमाडौँ, १५ चैत (रासस) ।

सरकारले कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोडन प्रत्येक पदको कार्यविवरणको वस्तुनिष्ठ कार्यसम्पादन सूचक सम्बन्धित सार्वजनिक निकाय/कार्यालयले ४५ दिनभित्र तयार गर्नुपर्ने निर्देशन जारी गरेको छ ।

सरकारले कार्यसम्पादन मूल्याङ्कन कमजोर हुँदा राम्रो र खराब कार्यसम्पादनलाई समान व्यवहार गर्ने प्रवृत्ति हटाउन ९० दिनभित्र कार्यसम्पादनमा आबद्ध उत्तरदायित्व र पुनरावलोकन प्रणाली लागू गरिने जनाएको छ । सरकारले शासकीय सुधारका लागि शुक्रबार एक सय कार्यसूची सार्वजनिक गरेको थियो ।

कार्यसूचीका अनुसार सार्वजनिक निकायको सेवाको गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था गरी उत्कृष्ट निकायलाई प्रोत्साहित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरण मापदण्ड ४५ दिनभित्र तयार गर्नुपर्नेछ ।

त्यस्तै सरकारले मन्त्रालयहरूको सङ्ख्या आवश्यकताभन्दा ठूलो भई चालु खर्च बढेको समस्यालाई समाधान गर्न ३० दिनभित्र मन्त्रालयको सङ्ख्या घटाउने निर्णय गरेको छ । त्यसका लागि मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गरी सङ्घीय मन्त्रालयको सङ्ख्या १७ कायम गरिनेछ ।

मन्त्रालयहरूको सङ्ख्या पुनरावलोकन गर्ने सन्दर्भमा हाल कायम रहेका दरबन्दीसमेत व्यवस्थापन गर्नुपर्ने भएमा सेवा प्रवाहलाई असर नपर्ने गरी बढुवा व्यवस्थापन गर्नुपर्ने कार्यसूचीमा उल्लेख छ । सबै सार्वजनिक निकायले सेवा प्रवाहमा विद्यमान दोहोरोपन, जटिलता तथा अनावश्यक प्रक्रियाका कारण सेवा प्रवाह ढिलो, खर्चिलो र अप्रभावकारी भएको अवस्थालाई अन्त्य गर्न आवश्यक कानुन संशोधनका लागि मस्यौदा बनाउने प्रक्रिया अघि बढाउनुपर्नेछ ।

नेपाल सरकारअन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनःसंरचना गरिनेछ । त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको एक उच्चस्तरीय कार्यदल गठन गर्ने तथा सो कार्यदलले एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ ।

कार्यसूची अनुसार सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाटमुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाइनेछ । विद्यमान भ्रष्टाचार, ढिलासुस्ती तथा सेवाग्राहीप्रति असहज व्यवहारजस्ता प्रवृत्तिको सुधार गर्दै कर्मचारीतन्त्रलाई उत्तरदायी, सेवामुखी, जनमुखी र उदाहरणीय बनाउन कर्मचारी आचारसंहिता अक्षरशः कार्यान्वयन गरिनेछ ।

यसैगरी सङ्घ, प्रदेश तथा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको राष्ट्रिय मापदण्ड १५ दिनभित्र तर्जुमा गरी स्वीकृत गरिनेछ । शिक्षकको सिटरोल दर्ता तथा अवकाश पश्चातका सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाटै गर्ने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ ।

सरकारी कार्यालयको भौतिक पूर्वाधार र स्तरीकृत विन्यासका लागि सहरी विकास मन्त्रालयले दुई महिनाभित्र न्यूनतम मापदण्ड तर्जुमा गरी १०० दिनभित्र कार्यान्वयनमा लैजाने बताइएको छ । नागरिकलाई सरकारी सेवा लिन धेरै कार्यालय धाउनुपर्ने, प्रक्रियागत झन्झट व्यहोर्नुपर्ने तथा समय र लागत दुवै बढ्ने अवस्थाको अन्त्य गर्न प्रमुख सहरमा 'एजेन्सिफिकेसन मोडालिटी'मा नागरिक सेवा केन्द्र सञ्चालन गरिने र त्यस्ता केन्द्रहरूलाई दैनिक कम्तीमा १२ घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाइने भएको छ ।

नागरिकलाई छिटो, सहज र बिचौलियामुक्त सेवा उपलब्ध गराउन नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सम्पूर्ण सेवाहरूलाई डिजिटल तथा एकीकृत प्रणालीमार्फत सञ्चालन गरिनेछ । नागरिकका गुनासो, सुझाव तथा सेवा अनुरोधलाई छिटो, प्रभावकारी तथा परिणाममुखी रूपमा सम्बोधन गर्न २४ घण्टे राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गरिने कार्यसूचीमा उल्लेख गरिएको छ । सोका लागि फोन, मोबाइल एप, पोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने बहु-च्यानलको व्यवस्था मिलाइनेछ ।

सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्मेन्ट कुरियर सर्भिस' का रूपमा विकास गरिने सरकारको योजना छ । त्यसमार्फत पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायतका सरकारी कागजात/सामग्री घरमै पुर्‍याउने व्यवस्था १०० दिनभित्र लागू गरिनेछ ।

# शासकीय सुधार कार्यसूची : स्वास्थ्य क्षेत्रमा डिजिटल प्रणाली चुस्त बनाइने

काठमाडौँ, १६ चैत (रासस) ।

मन्त्रिपरिषद्को चैत १३ को बैठकबाट स्वीकृत शासकीयसम्बन्धी एक सय कार्यसूचीमा स्वास्थ्य क्षेत्रको सुधारका लागि ६ वटा बुँदा समेटिएको छ । जसमा डिजिल प्रणाली चुस्त बनाउने सरकारको प्राथमिकतामा रहेको छ ।

सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवै क्षेत्रमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कुल शय्यामध्ये कम्तीमा १० प्रतिशत निःशुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

यसैगरी सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा निःशुल्क सेवा उपलब्धता, लाभग्राही विवरण तथा सेवा उपयोगको रियल टाइम अनुगमनका लागि 'फ्रि हेल्थ पोर्टल' विकास गरी उक्त पोर्टल ३० दिनभित्र देशभर लागू गर्ने सरकारले निर्णय गरेको छ । बिरामीको उपचार इतिहास, रिफरल, पुनःसेवा र क्लिनिकल फलोअप व्यवस्थित गर्न बिरामीको अभिलेख प्रणालीका लागि डिजिटल, एकीकृत र अन्तरआबद्ध स्वास्थ्य सूचना प्रणाली विकास तीन महिनाभित्र गर्ने र अनावश्यक निजी अस्पताल रिफर गर्ने प्रवृत्ति नियन्त्रण गर्न स्पष्ट 'रिफर प्रोटोकल' लागू गर्ने सरकारको योजना रहेको छ ।

सरकारी अस्पतालमा स्वास्थ्यकर्मीको उपस्थिति, व्यवहार, सरसफाइ र सेवाको आधारभूत मापदण्ड सुनिश्चित गर्न 'अटेन्डेस मोनिटरिङ', 'कन्डक्ट रिभ्यू' र 'क्लिनिलेन्स अडिट' एक हप्ताभित्र

***बाँकी अन्तिम पृष्ठमा***


## डिभिजन वन कार्यालय, ससरी

### गोलिया काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/१७**

सब-डिभिजन वन कार्यालय, कञ्चनपुर घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक फर्म संस्थाले यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिन सम्म यस कार्यालयबाट बोलपत्र फारम खरिद गरि २२ (बाइसौं) औं दिनको १२:०० बजे सम्म शिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

तपसिल

१) वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | | | संकलन खर्च प्रति क्यू. | संकलन खर्च सहितको न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण क्यू. | | | |
| १ | ३ | साल | गोलिया | C | ४७ | ११८.१८ | १८६.६४ | ९२९६६/- | मुद्दा |
| | | सिसौ | गोलिया | C | ११ | १६.३८ | १८६.६४ | ११२४८/- | |
| | | साल | चिरान | A | १२४ | ११६.७२ | १८६.६४ | १६७६८५/- | |
| | | साल | झ्याल | A | १ | १०.०८ | १८६.६४ | १४४८२/- | |
| जम्मा | | | | | १८३ | २६१.३६ | | २८६,३८१/- | |
| २ | ४ | साल | गोलिया | C | ६९ | १००.८४ | १८६.६४ | ७९३२५/- | बेवारिसे |
| | | साल | चिरान | A | १३३ | ११३.७७ | १८६.६४ | १६३४४७/- | |
| जम्मा | | | | | २०२ | २१४.६२ | | २४२७७२/- | |


## विश्व समाचार

### तेहरानमा आक्रमण, सम्झौता अझै अनिश्चित

तेहरान, १६ चैत (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग 'चाँडै' सम्झौता हुन सक्ने सङ्केत दिनुभएकै भोलिपल्ट इजरायलले तेहरानभरि सैन्य लक्ष्यमा आक्रमण तीव्र पारेको जनाएको छ । यो आक्रमणले कूटनीतिक सम्भावनाभन्दा युद्ध अझै गहिरिँदै गएको स्पष्ट सङ्केत दिएको छ । स्थलगत कारबाहीसमेत अस्वीकार नगरिएको अवस्थामा द्वन्द्वले नयाँ मोड लिने चिन्ता बढेको छ । सप्ताहन्तमा इरानका ऊर्जा पूर्वाधारमा आक्रमण भएपछि तेहरान र आसपास क्षेत्रमा बिजुली अवरुद्ध भएको थियो । त्यसको जवाफमा इरानले इजरायलसँगै कुवेत र साउदी अरबतर्फ नयाँ आक्रमणहरू सुरु गरेको जनाएको छ, जसले द्वन्द्वलाई क्षेत्रीय स्तरमा विस्तार गराएको छ ।

लगातारको युद्धले विश्व अर्थतन्त्रमा गम्भीर असर पारेको छ । एसियाका विभिन्न क्षेत्रमा इन्धन अभाव देखिएको छ भने सेयर बजार अस्थिर बनेका छन् । तेलको मूल्य तीव्र रूपमा बढ्दै अमेरिकी बेन्चमार्क प्रति ब्यारेल १०० डलर नजिक पुगेको छ भने ब्रेन्ट ११७ डलर आसपास पुगेको छ । इजरायलले दक्षिणी लेबनानमा इरान समर्थित हिजबुल्लाहविरुद्ध आक्रमण जारी राखिरहेको छ । यसैक्रममा इन्डोनेसियाले संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा संलग्न आफ्ना एक सैनिक क्षेप्यास्त्र प्रहारमा मारिएको पुष्टि गरेको छ । युनिफिलले भने प्रक्षेप्यको स्रोतबारे अनुसन्धान सुरु गरेको जनाएको छ । एक महिनादेखि जारी अमेरिका-इजरायल र इरानबीचको युद्धमा धेरै इरानी नेताहरू मारिएको उल्लेख गर्दै ट्रम्पले 'शासन परिवर्तन' भइसकेको दाबी गर्नुभएको छ । उहाँले एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै अब इरानमा 'पूर्ण रूपमा फरक समूह' सँग व्यवहार भइरहेको बताउनुभयो ।

आगामी हप्तामै सम्झौता सम्भव छ कि भन्ने प्रश्नमा उहाँले 'इरानसँग सम्झौता देखिरहेको' र त्यो 'छिट्टै हुन सक्ने' धारणा राख्नुभयो । तर यसअघि एक अन्तर्वार्तामा उहाँले इरानको तेल स्रोत नियन्त्रण गर्ने इच्छा व्यक्त गर्नुभएको थियो, जसले कूटनीतिक अभिप्रायप्रति थप शङ्का उत्पन्न गरेको छ । भूमिगत स्तरमा भने आक्रमण-प्रत्याक्रमण रोकिएको छैन । इजरायलले सोमबार इरानबाट प्रक्षेपण गरिएका मिसाइलहरूको जवाफ दिएको जनाएको छ भने तेहरानका विभिन्न सैन्य संरचनामा प्रहार जारी राखिएको उल्लेख गरेको छ । कूटनीतिक प्रयासहरू पनि समानान्तर रूपमा अघि बढिरहेका छन् । पाकिस्तानले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै साउदी अरब, टर्की र इजिप्टका विदेशमन्त्रीहरूलाई इस्लामाबादमा वार्ताका लागि आमन्त्रण गरेको छ । पाकिस्तानका विदेशमन्त्रीले युद्ध अन्त्यका उपायहरूबारे छलफल भइरहेको जानकारी दिनुभएको छ । उहाँका अनुसार इरान र अमेरिका दुवैले वार्तालाई सहज बनाउन पाकिस्तानप्रति विश्वास व्यक्त गरेका छन् । यस सन्दर्भमा चिनियाँ विदेशमन्त्री वाङ यी, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायतसँग पनि समन्वय गरिएको बताइएको छ । तर इरानभित्र भने अमेरिकामाथि अविश्वास बढ्दो छ । संसद्का सभामुख मोहम्मद बाघेर गालिबफले वासिङ्टनले वार्तालाई 'धुवाँ पर्दा' बनाउँदै गोप्य रूपमा जमीनी आक्रमणको तयारी गरिरहेको आरोप लगाउनुभएको छ । उहाँले इरानी जनताले अमेरिकी फौजको प्रत्यक्ष सामना गर्न तयार रहेको समेत बताउनुभयो ।

युद्ध अन्त्यका लागि विभिन्न प्रस्तावहरू अघि सारिए पनि अमेरिकाले क्षेत्रमा थप सैन्य उपस्थिति बढाइरहेको छ । युएसएस त्रिपोली मध्यपूर्व आइपुगेको छ, जसमा हजारौं मरीन र नाविकहरू तैनाथ छन् । पेन्टागनले सम्भावित स्थलगत कारबाहीका योजना तयार गरिरहेको बताइएको छ, यद्यपि त्यसको औपचारिक स्वीकृति अझै दिइएको छैन । यसबीच, युद्धको सबैभन्दा ठूलो असर सर्वसाधारणमा परेको छ । तेहरानका एक कलाकारले निरन्तर राति हुने आक्रमणका कारण 'शान्तिपूर्ण निद्रा हराएको' गुनासो गरेका छन्, जहाँ विस्फोटका धक्काले सहर नै काँपिरहेको अनुभव हुने गरेको छ । द्वन्द्व थप चर्किँदै जाँदा इरानले होर्मुज जलडमरूमध्य बन्द गरेको जनाएको छ । यो विश्व तेल आपूर्तिको महत्त्वपूर्ण मार्ग हो । कुवेतमा इरानी आक्रमणमा एक भारतीय कामदारको मृत्यु भएको छ भने साउदी अरबले आफ्ना सुरक्षाबलले पाँचवटा ब्यालेस्टिक क्षेप्यास्त्र रोकेको जनाएको छ । ऊर्जा पूर्वाधारमा आक्रमणका कारण इरानका विभिन्न क्षेत्रमा बिजुली आपूर्ति अवरुद्ध भएको छ । ट्रम्पले यसअघि वार्ता नभए पावर स्टेशनहरूमा आक्रमण गर्ने चेतावनी दिँदै आउनुभएको थियो, जसले हालको तनावलाई थप चर्काएको देखिन्छ ।

### मध्यपूर्वमा तनाव चर्किँदै, समुद्री ढुवानीमा अवरोधको डर

कायरो, १६ चैत (रासस/एपी) ।

यमनका इरान समर्थित हुथी विद्रोहीहरूले इजरायल माथि मिसाइल आक्रमण गरेपछि मध्यपूर्व क्षेत्रमा तनाव थप चर्किएको छ र विश्व व्यापारमा असर पर्ने चिन्ता बढेको छ । हुथी समूहले शनिबार दक्षिणी इजरायलका 'संवेदनशील सैन्य स्थलहरू' लक्षित गर्दै मिसाइल प्रहार गरेको दाबी गरेको छ । यद्यपि इजरायली सेनाले यमनबाट प्रहार गरिएको एक मिसाइललाई अवरोध गरेको जनाएको छ ।

इजरायली सैन्य प्रवक्ताले देश बहुपक्षीय युद्धको सम्भावनाका लागि तयारी अवस्थामा रहेको बताउनुभएको छ । हुथीहरू इरानको 'प्रतिरोध अक्ष' अन्तर्गतका महत्वपूर्ण सहयोगी मानिन्छन् । यस समूहले यमनको राजधानी सना र देशको ठूलो उत्तरी क्षेत्र नियन्त्रणमा राखेको छ र सन् २०१४ देखि अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारविरुद्ध गृहयुद्ध लड्दै आएको छ । हाले संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि करिब एक महिनासम्म मौन रहेका हुथीहरू अब प्रत्यक्ष रूपमा युद्धमा प्रवेश गरेका हुन् । विश्लेषकहरूका अनुसार हुथीहरूको यस सक्रियताले अन्तर्राष्ट्रिय समुद्री ढुवानी र ऊर्जा आपूर्तिमा थप अवरोध ल्याउन सक्छ । यसले विश्व अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पार्ने सम्भावना रहेको छ ।

हुथी पक्षले अमेरिका र इजरायललाई आफ्नो क्षेत्र प्रयोग गरेर इरानमाथि आक्रमण गर्न नदिने चेतावनी दिएको छ । उनीहरूले आवश्यक परे थप कडा कदम चाल्ने सङ्केत पनि दिएका छन् । यसअघि पनि हुथीहरूले व्यापारिक जहाजहरू लक्षित गर्दै सयभन्दा बढी आक्रमण गरेका थिए, जसका कारण अन्तर्राष्ट्रिय ढुवानी प्रणालीमा ठूलो अवरोध आएको थियो । विशेषज्ञहरूका अनुसार यदि क्षेत्रीय तनाव अझ बढेमा ऊर्जा बजार, ढुवानी र विश्व व्यापारमा गम्भीर असर पर्न सक्नेछ ।

# ओलीलाई पक्राउ गर्नुको कारण पेस गर्न सरकारका नाममा आदेश जारी

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ चैत ।**

सर्वोच्च अदालतले पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई पक्राउ गर्नुको कारण पेस गर्न सरकारका नाममा आदेश जारी गरेको छ।

न्यायाधीश मेघराज पोखरेलको इजलासले कारण देखाऊ आदेश जारी गरेको हो। ओलीकी पत्नी राधिका शाक्यले आफ्नो पतिलाई गैरकानूनी थुनामा राखिएको भन्दै सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएकी थिइन्।

भदौ २३ र २४ गते जेनजी आन्दोलन हुँदा तत्कालीन प्रधानमन्त्रीको हैसियतले गरेको कामकारबाहीलाई लिएर उनीमाथि प्रश्न उठेको थियो।जेनजी आन्दोलनको घटना छानबिन गर्न सरकारले गठन गरेको जाँचबुझ आयोगले ओलीलाई अनुसन्धान गर्न सिफारिस गरेको थियो।

ओलीसँगै तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पनि सोही सिफारिस भएको थियो। उक्त सिफारिसका आधारमा शनिबार बिहान ओली र लेखक पक्राउ परेका थिए।

# नेता लेखकको बन्दीप्रत्यक्षीकरणको रिटमा कारण देखाउ आदेश

काठमाडौँ, १६ चैत (रासस)।

सर्वोच्च अदालतले नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई थुनामुक्त माग गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन पक्राउ गर्नुको आधार र कारणसहित लिखित जवाफ माग गरेको छ।

न्यायाधीश कुमार रेग्मीको इजलासले सोमबार कारण देखाऊ आदेश गर्दै सूचना पाएको मितिले तीन दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ। आदेशमा भनिएको छ, "लिखित जवाफमा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण तथा निवेदकलाई पक्राउ गर्दा मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ९ (६) को पूर्वअवस्थाको विद्यमानता रहे नरहेकोसमेत खुल्ने गरी बाटोको म्याद बाहेक सूचना पाएका मितिले ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु।"

अदालतले निवेदनको एक/एकप्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्न भनेको छ। साथै, विसं २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदन तथा अनुसन्धानको क्रममा तयार पारिएको सक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाइ पेस गर्न भनिएको छ।

नेता लेखककी पत्नी यशोदाले आफ्नो पतिलाई गैरकानुनी रुपमा थुनामा राखिएको उल्लेख गर्दै आइतबार सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो। नेता लेखकलाई गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा गत शनिबार पक्राउ गरिएको थियो।

# पुराना ऐन खारेज गर्ने र नीतिगत सुधारको प्रतिबद्धता स्वागतयोग्य

काठमाडौँ, १६ चैत (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले असान्दर्भिक तथा धेरै पुराना ऐन खारेजी तथा नीतिगत सुधारको प्रतिबद्धताप्रति नेपाल उद्योग परिसंघ (सीएनआई)ले स्वागत गरेको छ।

उत्पादनमुलक तथा सेवामुलक उद्योगको प्रतिनिधिमुलक संस्था परिसंघले निरन्तर रुपमा दिँदै आएका सुझाव कार्यान्वयनलाई नवगठित सरकारले प्राथमिकतामा राखेकामा खुसी व्यक्त गरेको हो। सुशासन कायम तथा भ्रष्टाचार अन्त्यको आम चाहनालाई सरकारले उच्च प्राथमिकतामा राख्दै मुलुकलाई यसतर्फ लैजाने विश्वास परिसंघको छ।

विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, क्षतिपूर्ती ऐन, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, नेपाल एजेन्सी ऐनलगायतका कानुन खारेज गर्ने सरकारको निर्णय स्वागतयोग्य भएको परिसंघको टिप्पणी छ। यसैगरी राजस्व अनुसन्धान विभाग खारेज गर्ने निर्णयको पनि परिसंघले स्वागत गरेको छ।

सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल, एकद्वार र अन्तरआबद्ध प्रणालीमा रूपान्तरण गर्ने, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने निर्णयलाई परिसंघले समर्थन गरेको छ।

## *शासकीय सुधार ...*

अनिवार्य गर्ने तथा सम्पूर्ण सेवा प्रवाहलाई नागरिकमैत्री र जवाफदेही बनाउने भनिएको छ। अस्पताल फार्मेसीमा औषधिको मौज्दात तथा मूल्य देखिने डिजिटल प्रणाली तीन महिनाभित्र सञ्चालन गर्ने गरी व्यवस्थापन गर्ने भनिएको छ।

यसैगरी नागरिकलाई गुणस्तरीय तथा सस्तो मूल्यमा औषधि उपलब्ध गराउने उद्देश्यले, देशभरका सरकारी अस्पताल तथा प्रमुख स्वास्थ्य संस्थामा 'सुलभ फार्मेसी' सञ्चालन गर्ने व्यवस्था लागू गर्ने, उक्त फार्मेसीमार्फत आवश्यक औषधि जेनेरिक नाममा न्यूनतम मूल्यमा उपलब्ध गराउने, निजी क्षेत्रसँग सहकार्य गरी आपूर्ति व्यवस्थापन सुदृढ गर्ने र उक्त कार्यक्रम एक सय दिनभित्र चरणबद्ध रूपमा देशभर सञ्चालनमा ल्याउने सरकारको कार्यसूची रहेको छ।

जलन उपचारका लागि प्रदेशस्तरमा सुविधासम्पन्न अस्पतालको अभाव हुँदा मृत्युदर, अपाङ्गता र दीर्घकालीन पुनःस्थापना समस्या बढ्ने अवस्थाको समाधान गर्न ३० दिनभित्र अधिकांश अस्पतालमा बर्न वार्ड स्थापना प्रक्रिया सुरु गर्ने र जलनका बिरामीका लागि सहुलियत दरमा उपचार हुने व्यवस्था मिलाउने भनिएको छ।

सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राखे व्यवस्था तत्काल लागू गर्ने सरकारको प्राथमिकता रहेको छ। जनस्वास्थ्य विद् डा शरद वन्त सरकारले वाचा र प्रतिबद्धता गरेका कार्यसूची एक्सनमा गएर परिणाम ल्याए मात्र जनताले अनुभूत गर्न पाए यी कार्यसूचीहरूको सार्थकता हुने बताउनुहुन्छ। उहाँका अनुसार हरेक सरकारले स्वास्थ्य क्षेत्रमा सुधारका लागि कागजी प्रतिबद्धता गर्दै आएका छन्, तर अझै जनताले प्रत्याभूत गर्न पाएका छैनन्। उहाँ भन्नुहुन्छ, "संविधानमा उल्लेख गरिएकालाई पालना गर्न सके पनि स्वास्थ्य क्षेत्रमा धेरै सुधार हुन सक्छ। संविधानले सुनिश्चित गरेका आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पनि जनताले अनुभूत गर्न पाएका छैनन्।" स्वास्थ्यका जानकारहरूले सरकारको प्राथमिकतामा स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण रूपमा हेरिएको स्वास्थ्य बिमा कार्यक्रम नसमेटिएको भनेर चासो र चिन्ता व्यक्त गरेका छन्।

# अब आवेदन दिएको दिनमै श्रम स्वीकृति दिने तयारी

काठमाडौँ, १६ चैत (रासस)।

सरकारले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिमा रहेको टोकन प्रणालीको अन्त्य गरी आवेदन दिएको दिनमै स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

यसअघि टोकन लिएर तोकिएको दिनमा मात्रै स्वीकृति दिने व्यवस्था थियो। आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साहको उपस्थितिमा बसेको बैठकले सहज रुपमा श्रम स्वीकृति दिने निर्णय गरेको मन्त्रालयले जनाएको छ।

पुर्व प्रस्थान अभिमूखीकरण तालिम पाठ्यक्रममा आधारित श्रव्य दृश्य सामाग्री निर्माण गरी डिजिटल माध्यममा उपलब्ध हुने व्यवस्था गरिने भएको छ। अभिमूखीकरण तालिम पनि पूर्ण रुपमा अनलाइन प्रणालीमा आधारित बनाइने जनाइएको छ। योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आवद्ध गर्न अभियान सञ्चालन गर्ने, श्रमिकको न्यूनतम ज्यालाको पूर्ण कार्यान्वयन गरिने मन्त्रालयले जनाएको छ।

श्रमाधान योजनालाई आन्तरिकीकरण गर्दै श्रमाधान कल सेन्टरलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउने तथा औद्योगिक प्रतिष्ठानहरुमा जोखिम मूल्याङ्कन गरी व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा प्रवर्द्धन गर्ने, उत्पादन र उद्यमशीलता प्रवर्द्धन गरी आन्तरिक रोजगारी सिर्जना गर्ने र थप पाँच मुलुकसँग द्विपक्षीय श्रम सम्झौता विस्तार गर्ने निर्णय बैठकले गरेको छ।

मन्त्रिपरिषद्को यही चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची माथि छलफल भएको मन्त्रालयले उल्लेख जनाएको छ। छलफलमा श्रम तथा रोजगारको क्षेत्रलाई व्यवस्थित, मर्यादित एवम् सुरक्षित बनाउन तथा श्रमिकको हकहितको संरक्षण गर्न सरकारबाट स्वीकृत कार्यसूचीमा रहेका सम्बन्धित विषयमा तत्काल कार्ययोजना तयार गरी कार्यान्वयन गर्न मन्त्री साहले मातहतका कर्मचारीलाई निर्देशन दिनुभएको थियो।

वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षा, न्यूनतम् ज्यालाको सुनिश्चितता, कार्यस्थल सुरक्षा, कार्य वातावरण र स्वास्थ्य सुरक्षाको अवस्था अध्ययन गरी वैदेशिक रोजगारीको न्यूनतम् मापदण्ड तयार गर्ने, रोजगारी सिर्जनाका लागि सहयोग पुग्ने गरी सीप विकास तालिम प्रदान गरी रोजगारमा आबद्ध गर्ने विषयमा समेत छलफल भएको थियो।

त्यसैगरी सबै प्रदेशमा निजी क्षेत्रसँगको सहकार्यमा सीप मेला सञ्चालनको तयारी गर्ने, आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउने, वैदेशिक रोजगारीका नाममा हुने गरेका ठगी नियन्त्रण गर्न प्रभावकारी कदम चाल्ने योजना मन्त्रालयले अगाडि सारेको छ।

# लहान नगरपालिकाका कर्मचारीले चार महिनादेखि तलब पाएनन्

सिरहा, १६ चैत (रासस)।

यहाँको लहान नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकहरूको विगत चार महिनादेखि तलब रोकिएको छ। तलब नपाउँदा उनीहरुको दैनिकी चलाउनै समस्या भएको गुनासो गर्न थालेका छन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाका सम्पूर्ण खाता रोक्का गरिदिएपछि यो समस्या भएको हो। एक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद साहले भन्नुभयो, "मङ्सिरदेखि तलब भत्ता मात्र होइन, पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदान रोकिएको छ। तलब नपाउँदा जीविका धान्न, बैंकको ऋणको ब्याज तिर्न समस्या भइरहेको छ।"

नगरप्रमुख महेशप्रसाद चौधरीले खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृतको सरुवा विवाद र राजनीतिक पूर्वाग्रह भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँका खाता रोक्का राख्नुपर्ने कुनै कारण छैन तर राजनीतिक पूर्वाग्रह र दबाबले विवाद खडा गराइएको छ। मन्त्रालयले चुनावपछि खाता खोलिदिने आश्वासन दिए पनि हालसम्म सुनुवाइ भएको छैन।" उहाँले मन्त्रालयले चाँडै यो समस्या समाधान गरी विकास निर्माणलगायतका काम अगाडि बढाउन आग्रह गर्नुभयो।

मन्त्रालयले साविकका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झालाई सरुवा गरी शिक्षातर्फको उपसचिव खिम भुजेललाई पठाउन खोजेको थियो। नगरपालिकाले भने प्रशासनतर्फको अनुभवी उपसचिव माग गरेको थियो। अर्कोतर्फ, अवकाश हुन छ महिना मात्र बाँकी रहेकाले सरुवा रोक्न माग गर्दै झाले प्रशासकीय अदालतमा मुद्दा दर्ता गर्नुभएको थियो। अदालतले गत फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले हालसम्म नगरपालिकाको खाता फुकुवा गरेको छैन।

कर्मचारीहरूले सोमबार इलाका प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री कार्यालय र मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै नयाँ वर्ष २०८३ र सिरुवा पर्वअघि नै तलब भुक्तानी नभए सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन्।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*